# बडि एण्ड डाटामा नेपाली भाषाको समावेशी तथा मैत्रीपूर्ण भाषाको प्रयोग सम्बन्धी साझा बुझाई

## पृष्ठभूमि

संसारका सबै भाषाहरूले आफ्नो समाज र संस्कृतिको झल्को दिन्छ । भाषा, समाज र संस्कृतिको तादाम्य सम्बन्ध हुन्छ । भाषालाई सतही रूपमा सम्पर्कको माध्यम भनी बुझेपनि यो सम्पर्क माध्यममा अन्तर्निहित भाष्यहरू पनि हुन्छ । यी भाष्यहरू समाज पिच्छे नै फरक हुन्छ र ती सामाजिक वास्तविकताकै आधारमा त्यस भाषामा समपर्क हुन्छ ।

यसको अर्थ यो पनि हो कि समाजमा जरा गाडेका सम्पूर्ण मूल्य मान्यताहरू भाषा मार्फत झल्कन्छन् । यसैले उक्त समाजमा के विषय जाहिर (obvious) हो के होइन, के सामान्य हो के होइन, के समाविष्ट हुन्छन् के वहिष्करणमा पर्छन् भन्ने विषय पनि निर्धारण गर्छ ।

त्यसैले समाजमा व्यापक पितृसत्ता, महिलाद्वेषी (मिसोजिनी), द्वयसांखिक लैङ्गिक व्यवस्था (जेण्डर बाइनेरी), आन्तर्लिङ्गीमुग्धी (एण्डो-सेक्सिजम), त्याचलैङ्गिकमुग्धी (सिस्-सेक्सिजम), विषमयौनिकमुग्धी (हेट्रोसेक्सिजम), सपाङ्गतामुग्धी (एबलिजम), जात व्यवस्था, जातीय विभेद, लगायतका सम्पूर्ण सामाजिक समानता पनि भाषामा झल्कन्छ । एकातर्फ यी विभिन्न सामाजिक असमानतामा विशेषाधिकार रहेका समूहहरूले बोलीचालीको भाषा मार्फत यी भाषाहरू सामान्यिकरण गर्दै रहन्छन् भने ती असमानतामा सिमान्कृत भएका समूहका निम्ति थप उत्पीडनको कारण । त्यसै गरी नेपाली भाषा विगत ३०० वर्ष देखि बहुभाषी देशमा एकमात्र औपचारिक कामकाजको भाषाका रूपमा स्थापित देवनागरी लिपिमा लेखे नेपाली भाषाको पनि आफ्नै वर्चस्व छ र यस भाषा माध्यम समाजका विभिन्न असमानताहरू संस्थागत समेत हुन सक्छन् ।त्यसै गरी नेपाली भाषा कस्तो हुनुपर्छ र कसरी लेखिनुपर्छ भनी गरिने निर्धारणमा पनि शक्तिको डाइनामिक्स रहेको हुन्छ । कसैले यो निर्णय गर्न पाउँछ, कसले यो निर्णय कोर्छ, को यी छलफलमा भाग लिन पाउँछन्, कसलाई विज्ञको रूपमा हेरिन्छ, कसको भाष्यले धेरै वजन पाउँछ, इत्यादी विषय पनि शक्तिको डाइनामिक्सकै विषय हो । को प्रमुख हुन्छ, को सहायक हुन्छ, को सामान्य

हुन्छ, को असामान्य हुन्छ, को मुख्य हुन्छ, को अन्य हुन्छ, कुन कुरालाई स्वभाविक मानिन्छ, कुन कुरालाई अस्वभाविक मानिन्छ जस्ता विषयहरू पनि भाषामा झल्किन्छ र समाजमा व्याप्त असमानताहरूले यसको निर्धारणमा भूमिका निर्वाह गर्दछ ।

लैङ्गिक उत्पीडन लगायत विभिन्न सामाजिक उत्पीडनहरूको संवादमा र समाजिक न्यायको वकालत गर्दा उत्पीडनलाई सामान्यिकरण गर्ने भाषाको प्रयोग उचित हुँदैन । त्यसले झन ती सामाजिक भाष्यहरू पुनरुत्पादन र प्रोत्साहन हुने गर्दछ । तसर्थ सामाजिक न्यायको वकालतमा नेपाली भाषा सम्बन्धिका भाषागत मार्गदर्शनका निम्ति यो दस्तावेज बनेको हो ।

### यस दस्तावेजको उद्देश्य

- सामाजिक असमानता-का/मा केन्द्रित भाष्यहरू पुनरुत्पादन नहुने हिसाबले नेपाली भाषाको प्रयोग गर्नका निम्ति ।
- भाषाको प्रयोगबाट सामाजिक भाष्यका असमानता र अमैत्रीपूर्णतालाई निर्मूल पार्नका निम्ति ।

यो मार्गदर्शको दस्तावेज विचार विमर्श र छलफल मार्फत तयार भएको हो र डिकोर्षमा आउने परिमार्जनसँगै परिमार्जन हुन्छ ।

## लैङ्गिकता

पठनपाठनमा नेपाली भाषाको दुईवटा व्याकरणात्मक लिंग : पुलिङ्गी र स्त्रीलिङ्गी भनेर पढाइएपनि वास्तविकतामा भने नेपाली भाषामा एक प्रकारले मानव जातिका महिलाहरूलाई जनाउँछ भने अर्कोले त्यस बाहेक सबैलाई । यो लैङ्गिकताको आधारमा जनाइएको भन्दा पनि महिलाहरूलाई जनाउन एउटा मूल शब्दमा गरिएको हो । एकतर्फ महिलाहरूको पहिचानलाई केवल प्रत्यय र थपथापमै खुम्च्याएको छ भने अर्को तर्फ महिला र पुरुषको भाषिक संवादमा यस बाहेकका लैङ्गिकताहरूलाई लुप्त गरिएको छ ।

- कुनै पनि व्यक्तिले आफूलाई निश्चित लैङ्गिकताबोधक शब्दबाट सम्बोधन गर्न नभने सम्म लैङ्गिक तटस्थ शब्दहरूकै प्रयोग गरिनेछ । तसर्थ हरेक व्यक्तिले आफूलाई

कसरी चिनाउँछ वा कसरी सम्बोधन गर्न चाहन्छ भन्ने विषय नीजलाई नै सोध्नुपर्छ र सोही अनुसार प्रयोग गरिनेछ ।

- लैङ्गिकताबोधक शब्दको सीमितता केवल सम्बन्धवाचक शब्दहरूमा मात्र हुनेछ । जुनसुकै शब्द जसको मूल शब्दमा प्रत्यय थपेर स्त्रीलिङ्गी बनाइन्छ, जस्तै डाक्टर - डाक्टरनी (+नी), शिक्षक - शिक्षिका (+इका), त्यस्ता शब्दहरूको प्रयोग गरिनेछैन । विशेषण वा क्रियापदमा पनि लैङ्गिक तटस्थताकै प्रयोग गरिनेछ ।
- कुनै पनि महिलाद्वेषी (मिसोजिनिस्ट) भाषाको प्रयोग गरिनेछैन ।
- दुई थरी मात्र लैङ्गिकता हुन्छ भन्ने भाष्य कायम हुने प्राकरको भाषा प्रयोग गरिनेछैन ।

## महिलाद्वेषी भाषा

- महिलाहरू सम्बन्धिका रूढिवर्गिकरण (स्टेरियोटाइप) झक्लिने कुनै पनि भाषा।[1]
- महिलाहरू प्रति अवहेलना झल्काउने कुनै प्राकरको उखान टुक्का ।
- पारलैङ्गिक महिला र अन्तरलिङ्गी महिलालाई महिलाको परिभाषाबाट वहिष्करणमा पार्ने भाष्य ।
- महिलालाई प्रत्ययको दर्जामा सीमित राख्ने कुनै प्रकारको भाषा - डाक्टरनी (+नी), शिक्षक - शिक्षिका (+इका)।

## सम्बोधन

- हामी महिलाहरूलाई वैवाहिक स्थिति खुलाएर गरिने सम्बोधन र पुरुषहरूलाई वैवाहिक स्थिति मतलब नराखी गरिने सम्बोधनलाई मान्दैनौं ।हामी अङ्ग्रेजीमा सबै महिलाहरूलाई Ms. (मिज्) भनेर सम्बोधन गर्छौं ।
- त्यसै गरी गैर-द्वयसांखिक लैङ्गिक पहिचान भएका व्यक्तिहरूलाई अङ्ग्रीजीमा Mx. (मुक्स्) भनेर सम्बोधन र जस्तै नेपालीमा "श्रः" भनी सम्बोधन गर्छौं ।

[1] रूढिवर्गिकरण भनेको कुनै निश्चित समूह, समुदाय, लैङ्गिकता, पहिचान भएका मानिसहरूसम्बन्धी रहेको अनम्य (रिजिड), अतिसरलीकरण र रूढिवादी धारणा

- कुनै व्यक्तिलाई सम्बोधन गर्नका निम्ति लैङ्गिकतालाई त्यती महत्व दिनु आवश्यक छैन । नामको अगाडी लैङ्गिक तटस्थ "श्री" वा नामको पछाडी "ज्यू / जी / जु" थपेर सम्बोधन गर्नमा हाम्रो प्राथमिकता हुनेछ ।

## लैङ्गिक विविधता समावेशी भाषा

लैङ्गिकता भनेको महिला र पुरुष मात्र हुँदैन । महिला र पुरुषको पारम्पारिक परिभाषा र मान्यताहरूमा मात्र महिला र पुरुष सीमित छैनन् । लैङ्गिकता विविध हुन्छ र यो एउटा स्पेक्ट्रम र संतात्यक (कन्टिन्यम) व्यापक हुन्छ । यसलाई कुनै हिसाबले कुण्ठित वा बकसिकरण गर्नु मिल्दैन । पुरुष र महिलाको मात्र मान्यता हुनु र ती दुई मान्यता पनि अति संकीर्ण र कुण्ठित हुनुको कारणले त्यस मान्यतामा अटाउन नसक्ने सबै मानिसहरू सामाजिक लाञ्छनाका शिकार हुन बाध्य छन् ।

### आधारभूत नैतिकता :

- कुनै व्यक्तिले आफ्नो लैङ्गिकता कसरी पहिचान गर्छ भनेर नीजलाई नै सोध्ने र त्यसैको प्रयोग गर्ने ।
- कुनै व्यक्तिले आफूलाई कसरी सम्बोधन गराउन चाहन्छ भन्ने विषय नीजलाई नै सोध्ने र त्यसैको प्रयोग गर्ने ।
- अनावश्यक ढङ्गले कसैको लैङ्गिक पहिचान नसोध्ने । कुनै व्यक्तिसँग संवाद गर्नका निम्ति उसको लैङ्गिक पहिचान भन्दा पनि उसले सम्बोधन गर्न चाहेको लैङ्गिकताबोधक शब्दहरू महत्वपूर्ण हुन्छ ।
- कुनै व्यक्तिको लैङ्गिक पहिचानलाई आधार बनाएर र त्यस बारे अतिक्रमणीय, व्यक्तिगत र नीजलाई अप्ठ्यारो असहज महसुस गर्ने कुनै प्रकारको प्रश्न नसोध्ने वा कुरा नगर्ने ।
- कसैको लैङ्गिक पहिचान अड्कलन नगर्ने । तपाइँ यस्तो देखिनुहुन्छ तपाइँ त यस्तो होला है भन्ने अनुमान नगर्ने ।

### समावेशी र मैत्रीपूर्ण भाषा :

- सबै मानिसहरूलाई जनाउन पर्दा लैङ्गिक तटस्थ शब्दहरूकै प्रयोग गर्ने ।
- दुई वटा लैङ्गिकता मात्र हुन्छ भन्ने भाष्य कायम नगर्ने ।

- यौनाङ्गसँग लैङ्गिकतालाई नजोड्ने । सबै मानिसहरूको शिश्न वा योनी हुन्छ भन्ने छैन । शिश्न भएका सबै मानिसहरू पुरुष र योनी भएका सबै मानिसहरू महिला हुँदैनन् ।पुरुष हुँदैमा महिला तर्फ आकर्षण हुन्छ वा महिला हुँदैमा पुरुष तर्फ आकर्षण हुन्छ भन्ने छैन ।

## आदर तटस्थ भाषा

- मध्यम आदरार्थीको बहुवचनमा भाषा प्रयोग गर्दा आदर तटस्थ रहेको मानिन्छ । - उनले काम गर्छन्, डोल्माले प्रतिवेदन बुझाएका छन्, लाम्बार्चाले अनुवाद गरे, लालनवा पर्सावासी हुन् ।

## गैर-मातृभाषी मैत्रीपूर्ण

नेपाली भाषा नेपालमा सबैको मातृभाषा होइन । गैर-मातृभाषीहरूले यो भाषा बोल्दा आफ्नो मौलिकताको झल्को देखु स्वभाविक हो । यसमा मातृभाषीहरूले सरह बोलेन भनेर लाञ्छना लगाउनु गलत हो । प्रायः चीन-तिब्बती भाषा परिवारका भाषाहरू र जनजाती भाषाहरूमा लैङ्गिकता छुट्याइराखु आवश्यक छैन । बडी एण्ड डाटाले पनि भाषामा लैङ्गिक तटस्थतालाई नै प्राथमिकता दिन्छ । त्यसै गरी नेपालका अधिकांश भाषाहरूमा नाम सर्वनाम शब्दमा प्रत्यय जोडेर मात्र एकवचन बहुवचन हुने भएकाले गैर-मातृभाषीहरूलाई विशेषण र क्रियापदमा वचन छुट्याउनु पनि अस्वभाविक हुन सक्छ । अक्सर गैर-मातृभाषीहरूमा मातृभाषीहरूको जस्तै श्रेणीमा विभाजित भाषाको प्रयोग नहुन सक्छ ।

व्याकरण र भाषामा भएको मूलधार विवादहरूमा लैङ्गिकता र यौनिकताको दृष्टिकोण, गैर-मातृभाषीहरूको दृष्टिकोण, अङ्ग्रेजी भाषा प्रमुख भएका नेपाली भाषीहरूको दृष्टिकोण र तरल एवं विविधताको दृष्टिकोणले हेरिएको छैन ।

- कुनै पनि व्यक्तिलाई बलाघात (एक्सेन्ट)को आधारमा लाञ्छना र अमैत्रीपूर्ण व्यवहार लगाइनेछैन ।

- गैर-मातृभाषीहरूले प्रयोग गरेको भाषालाई अस्वभाविक मानिँदैन । अझ, गैर-मातृभाषीहरूका निम्ति उनीहरूले प्रयोग गरेकै भाषा उनीहरूका निम्ति अझै स्वभाविक हुन सक्छ ।
- व्याकरणलाई कुण्ठित दृष्टिकोणले हेरिनेछैन । अझ, नेपाली व्याकरण अत्यन्तै परम्परागत पुरुष केन्द्रित र मातृभाषी केन्द्रित छ । व्याकरणले संवादको व्यापकतालाई रोक्नुहुँदैन ।

# अनुसूची

## लैङ्गिक तटस्थ भाषा

| द्वयसांखिक भाषा | तटस्थ भाषा |
|---|---|
| महिला तथा पुरुष | व्यक्तिहरू |
| केटा केटीहरू | बच्चाहरू |
| बाल बालिका | बालबच्चा / बाल |
| सम्पूर्ण दाजु, भाइ तथा दिदी बहिनी | सम्पूर्ण दर्शकवृन्द / सहभागी |
| महिला हो कि पुरुष हो? | तपाइँको लैङ्गिकता के हो? |

## यौन अभिमुखिकरण, लैङ्गिक पहिचान र यौन विशेषता (Sexual Orientation, Gender Identity and Sex Characteristics) सम्बन्धीको बुझाई

**यौन विशेषता (Sex characteristics) :** यौन विशेषता भन्नाले मानिसको यौनाङ्ग वा प्रजनन अङ्गबाट छुट्टिने शारीरिकी भिन्नता हो ।

**अन्तरलिङ्गी (Intersex) :** पुलिङ्गी वा स्त्रीलिङ्गी शरीरका परम्परागत धारणाहरूमा नअटाउने यौन विशेषताहरू (यौनाङ्ग, प्रजनन ग्रन्थी तथा गुणसुत्रको ढाँचा) भएका व्यक्तिहरूलाई अन्तरलिङ्गी व्यक्ति भनिन्छ । अन्तरलिङ्गी हुनु यौन विशेषताको विषय हो । अन्तरलिङ्गी व्यक्तिहरू आफूलाई पुरुष, महिला वा गैर-द्वयसांखिक भनी पहिचान गर्न सक्छन् । अन्तरलिङ्गी व्यक्तिहरू विषमयौनिक, समयौनिक, द्वियौनिक, सर्वयौनिक, अयौनिक, इत्यादी यौन

अभिमुखिकरणका हुन सक्छन् ।

कुनै व्यक्ति अन्तरलिङ्गी होइन, वा पुलिङ्गी वा स्त्रीलिङ्गी शरीरका परम्परागत धारणाहरूमा अटाउने यौन विशेषताहरू छन् भने **आन्तर्लिङ्गी (Endosex)** पनि भनिन्छ ।

**जन्मँदा यौनाङ्गको आधारमा इङ्गित गरिएको लिंग** (Sex assigned at birth) भन्नाले सामाजिक मूल्य मान्यता अनुसार कुनै बच्चा जन्मन बित्तिकै नीजको यौन अङ्ग वा विशेषताको आधारमा नीजलाई केटा वा केटी भनेर गरिने निर्धारण भनी सम्झनुपर्छ । जन्मँदा पुलिङ्गी इङ्गित गरिएका व्यक्ति (Assigned male at birth) भन्नाले कुनै बच्चा जन्मन बित्तिकै नीजको यौनाङ्ग शिश्न (Penis) भएको आधारमा नीजलाई केटा / पुरुष भनी गरिएको निर्धारण भनी सम्झनु पर्छ । जन्मँदा स्त्रीलिङ्गी इङ्गित गरिएका व्यक्ति (Assigned female at birth) भन्नाले कुनै बच्चा जन्मन बित्तिकै नीजको यौनाङ्ग योनी (Vagina) भएको आधारमा नीजलाई केटी / महिला भनी गरिएको निर्धारण भनी सम्झनु पर्छ ।

**लैङ्गिक पहिचान (Gender identity)** : लैङ्गिक पहिचान भन्नाले हरेक व्यक्तिको भित्री मन वा अन्तरात्माबाट लैङ्गिकता सम्बन्धी आएको व्यक्तिगत अनुभूती र अनुभव एवं भित्री मनबाट आएको आन्तरिक बोध र नीजले त्यसलाई गर्ने प्रस्तुतीकरण तथा आफ्नो लैङ्गिकता चिनाउन प्रयोग गर्ने शब्दवाली हो ।

**त्याचलैङ्गिक व्यक्ति (Cisgender person)** : जन्मँदा यौनाङ्गका आधारमा इङ्गित गरिएको लिंगसँग मेल खाने लैङ्गिक पहिचान भएका व्यक्तिहरू । त्याचलैङ्गिक र पारलैङ्गिक विपरीतार्थी शब्द हुन् । "त्याचलैङ्गिक" शब्दको अभावमा "यौनाङ्गका आधारमा इङ्गित गरिएको लिंगसँग मेल खाने लैङ्गिक पहिचान भएका व्यक्तिहरू" लाई मात्र सामान्य (normal) वा सामान्य लिङ्गका व्यक्ति (normal gender) भनिने गरिन्थ्यो जसकारण अरु लैङ्गिक पहिचानका व्यक्तिहरूलाई असामान्यकरण (abnormalization) भयो । हाम्रो समाजले यस प्रकृतिका मानिसहरूलाई मात्र "सामान्य" मान्ने सामाजिक भाष्यलाई तोड्दै, सबै लैङ्गिक पहिचानहरू सामान्य हुन् भन्ने भाष्य कायम गर्न यो शब्दको उत्पत्ती भएको हो । कुनै पनि व्यक्ति जसको जन्मँदा यौनाङ्गको आधारमा पुलिङ्गी इङ्गित गरिएको र लैङ्गिक पहिचान पुरुष हो भने ऊ त्याचलैङ्गिक पुरुष ( cisgender man / cisman ) र कुनै पनि व्यक्ति जसको जन्मँदा यौनाङ्गको आधारमा स्त्रीलिङ्गी इङ्गित गरिएको र लैङ्गिक पहिचान महिला हो भने ऊ त्याचलैङ्गिक महिला ( cisgender woman / ciswoman ) भनिन्छ ।

**पारलैङ्गिक व्यक्ति (Transgender person)** : जन्मँदा यौनाङ्गका आधारमा इङ्गित गरिएको लिंगसँग मेल नखाने लैङ्गिक पहिचान भएका व्यक्तिहरू । पारलैङ्गिक पुरुष (Transgender Male / Transman ) भन्नाले पुरुष लैङ्गिक पहिचान भएका ती व्यक्तिहरू जसको जन्मँदा यौनाङ्गको आधारमा स्त्रीलिङ्गी इङ्गित गरिएको थियो भनी सम्झनु पर्छ । पारलैङ्गिक पुरुषहरू जन्मदाँ स्त्रीलिङ्गी इङ्गित गरिएका हुन्छन् । योनी लिएर जन्मेका हुनाले समाजले उनीहरूलाई केटी वा बालिका भनेर इङ्गित गर्दछ, र हुर्कने बढ्ने क्रममा हुने लैङ्गिक अनुभव र प्रस्तुतीकरणको हकमा केटा वा पुरुषको गुण विकास हुन्छ र आफूलाई पुरुष भनी पहिचान गर्दछन् । पारलैङ्गिक महिला (Transgender Female / Transwoman ) भन्नाले महिला लैङ्गिक पहिचान भएका ती व्यक्तिहरू जसको जन्मँदा यौनाङ्गको आधारमा पुलिङ्गी इङ्गित गरिएको थियो भनी सम्झनु पर्छ । पारलैङ्गिक महिलाहरू जन्मदाँ पुलिङ्गी इङ्गित गरिएका हुन्छन् । शिश्न लिएर जन्मेका हुनाले समाजले उनीहरूलाई केटा वा बालक भनेर इङ्गित गर्दछ, र हुर्कने बढ्ने क्रममा हुने लैङ्गिक अनुभव र प्रस्तुतीकरणको हकमा केटी वा महिलाको गुण विकास हुन्छ र आफूलाई महिला भनी पहिचान गर्दछन् । अङ्ग्रेजीमा यसलाई Men of trans experience वा Women of trans experience पनि भनिन्छ ।

**विविध लैङ्गिक व्यक्ति (Gender diverse person)** : महिला र पुरुषको लैङ्गिकता बाहेकका विविध लैङ्गिक पहिचानहरूलाई जनाउने शब्द ।

**गैर-द्वयसांखिक लैङ्गिक पहिचान ( Non-binary gender identities )** : पुरुष वा महिलाको परिभाषामा नअटाउने र पुरुष वा महिलाको अभिव्यक्ति अन्तर्गत नपर्ने लैङ्गिक पहिचानहरूलाई गैर-द्वयसांखिक लैङ्गिक पहिचान भनिन्छ । पारम्पारिक लैङ्गिक भिन्नता सँग सम्बन्धित नरहेका र महिला वा पुरुष लैङ्गिकता दुबै नरहेको, दुबै रहेको वा मिश्रण जनाउने लैङ्गिक पहिचानहरूको विविधतलाई गैर-द्वयसांखिक भनिन्छ । गैर-द्वयसांखिक लैङ्गिक पहिचान अन्तर्गत पनि डाइनामिक हिसाबले विविध लैङ्गिक पहिचानहरू हुन्छन् । यस समबन्धीका पहिचान र भाषाहरू विकासोन्मुख अवस्थामै नै रहिरहेको छ ।

**तेस्रोलिङ्गी (Third Gender) :** दक्षिण एसियाली हिन्दू र मुश्लीम संस्कृति समाजमा आफूलाई महिला वा पुरुषको परिभाषामा नराखे आफ्नो छुट्टै समाज, संस्कार, रीतिरिवाज र रहन सहन भएको विभिन्न समुदायहरू छन् । सामाजिक मूल्य मान्यता अनुसार तेस्रोलिङ्गी व्यक्तिहरूलाई अलौकिक मानिन्छ र उनीहरूले दिएको आशिर्वाद र श्राप लाग्दछ भन्ने मान्यता समेत रहेको र उनीहरू कुनै सुखद अवशर जस्तै विवाह, नवजन्म शिशु, इत्यादीमा

नाच गान गर्ने, आशिर्वाद दिने परम्परागत पेशा पनि गर्दछन् । कतिपय तेस्रोलिङ्गी समुदायहरूको लामो इतिहास नै छ, उनीहरूको छुट्टै स्थानमा समुदायगत बसोबास हुन्छ र आफ्नो समुदायमा कोही भित्रन चाहेमा, समुदायमा भित्री सकेपछी, समुदायमा कसैको मृत्यु हुँदा र कतिपय अवस्थामा समुदायको आफ्नै छुट्टै भाषा वा भाषिका समेत हुने गर्दछ । दक्षिण एसियामा हेर्दा यी तेस्रोलिङ्गी समुदायहरू हिजडा, किन्नर, मंगलामुखी, पावैया, ख्वाजासिरा, खुस्रा, खसुआ, अरवानी, इत्यादी हुन्छन् भने नेपालमा मेटी, कोथी, घाँडे, मौगियाह, मैंबाबु, फुलुमुलु, फोलोक मोलोक, इत्यादी हुन्छन् । तेस्रोलिङ्गी भन्नाले परम्परागत धारणा पनि हो । यो धारणा समसमायिक रूपमा सबैलाई सान्दर्भिक नहुन सक्छ । परम्परागत जीवनशैलीसँग जोडिएको हुनाले अहिलेको युगमा यसको व्यपकता वा सान्दर्भिकता नहुन पनि सक्छ । तेस्रोलिङ्गी शब्दलाई हाम्रो समाजले नस्वीकारेको वा नबुझेको सबै लैङ्गिक पहिचानहरूलाई समेटेर इङ्गित गर्नका निम्ति प्रयोग गर्नु मिल्दैन । कतिपय, विशेष गरी युवा पुस्ताका मानिसहरू तेस्रोलिङ्गी शब्दको विभेदकारी किसिममा आलोचना पनि गर्छन् । समयको आवश्यकता अनुसार अनेकौं लैङ्गिक पहिचानका शब्दहरू विकास भएर मानिसहरू आफूलाई परिचित गर्दै खुलेर आएको अवस्थामा तेस्रोलिङ्गी शब्दले सबैलाई जनाउँछ भन्ने गलत धारणा राख्नुहुँदैन ।

**यौन अभिमुखिकरण (Sexual orientation) :** कुनै व्यक्ति कुन लैङ्गिकताका अरु व्यक्तिहरू तर्फ यौन तथा प्रणयात्मक (sexual and romantic) आकर्षण महसुस गर्दछ भन्ने आधारमा नीजको यौनिक पहिचानलाई यौन अभिमुखिकरण भनिन्छ ।

**विषमयौनिक (Heterosexual/Straight) :** आफू भन्दा फरक लैङ्गिकता प्रति यौन तथा प्रणयात्मक आकर्षण महसुस गर्ने व्यक्ति

**समयौनिक (Homosexual) :** आफू जस्तै / उस्तै लैङ्गिकता प्रति यौन तथा प्रणयात्मक आकर्षण महसुस गर्ने व्यक्ति (समयौनिक पुरुष : Gay, समयौनिक महिला : Lesbian)

**द्वियौनिक (Bisexual) :** आफू भन्दा फरक लैङ्गिकता र आफू जस्तै लैङ्गिकता दुबै प्रति यौन तथा प्रणयात्मक आकर्षण महसुस गर्ने व्यक्ति

**सर्वयौनिक (Pansexual) :** सबै खाले लैङ्गिकता प्रति यौन तथा प्रणयात्मक आकर्षण महसुस गर्ने व्यक्ति वा यौन तथा प्रणयात्मक आकर्षण महसुस गर्न लैङ्गिकता बाधा नपर्ने व्यक्ति

**अयौनिक (Asexual) :** कुनै प्रकारको यौन तथा/वा प्रणयात्मक आकर्षण महसुस नगर्ने

व्यक्ति

यौन अभिमुखिकरणको हकमा अधिकांश यी शब्दहरू प्रयोग हुने भएतापनि, यौन अभिमुखिकरण यतिमा मात्र सीमित छैन । यी अतिरिक्त पनि अनेकौं शब्दहरूद्वारा मानिसहरूले आफूलाई परिचित गराउँछन् । यौनिकता सम्बन्धीको भाषा पनि विशाल र विकासोन्मुख छ । त्यसैले यौन अभिमुखिकरणलाई यतिमै सीमित राखी व्याकख्या गर्नु उपयुक्त छैन ।

**क्वयेर (Queer)** : एउटा छाता शब्द जसले हाम्रो सामाजिक मूल्य मान्यतामा नस्वीकारिएका, उत्पीडन र सिमान्तिकरणमा पारिएका यौन अभिमुखिकरण, लैङ्गिक पहिचान र यौन विशेषताहरूको विविधतालाई जनाउँछ । यस अर्थ परम्परागत पुलिङ्गी वा स्त्रीलिङ्गी शरीरको परिभाषामा नपर्ने विविध यौन विशेषता भएका व्यक्तिहरू, जन्मँदा यौनाङ्गका आधारमा इङ्गित गरिएको लिंगसँग मेल खाने लैङ्गिक पहिचान नभएका लैङ्गिक विविधताका व्यक्तिहरू र महिला-पुरुष बीच हुने यौन तथा प्रणयात्मक आकर्षण भन्दा परका विविध यौन अभिमुखिकरणका व्यक्तिहरूलाई जनाउने व्यापक शब्द हो । अन्तरलिङ्गी यौन विशेषताका विविधताहरू, त्याचलैङ्गिक बाहेकका लैङ्गिक पहिचानहरू र विषमयौनिक बाहेकका यौन अभिमुखिकरणहरूलाई बुझाउने छाता शब्द 'क्वयेर' हो ।

**सिमान्कृत यौन अभिमुखिकरण, लैङ्गिक पहिचान र यौन विशेषताका व्यक्ति (People of Marginalized Sexual Orientation, Gender Identity and Sex Characteristics)** : क्वयेर जनसंख्यालाई अर्को भाषामा यसरी पनि बुझाउन सकिन्छ । यो शब्दावलीले सामाजिक उत्पीडन र सिमान्तिकरणलाई केन्द्रमा राख्छ ।

**SOGISEC (सोजिसेक्)** - Sexual Orientation, Gender Identity and Sex Characteristics

**PoMSOGIESEC (पोम् — सोजिसेक्)** - People of Marginalized Sexual Orientation, Gender Identity and Sex Characteristics

**यौभिकयौता** - यौन अभिमुखिकरण, लैङ्गिक पहिचान र यौन विशेषता

**MOGAI (मग्गी)** — Marginalized Orientations (Sexual/Romantic), Gender Alignments (Identities and Expressions) and Intersex variations

**सिभिलैलि** - सिमान्कृत अभिमुखिकरणहरू (यौन तथा प्रणयात्मक), लैङ्गिक पहिचान तथा

## अपवादीकरण र असामान्यीकरण गर्ने भाषा

- आम जनता, आम महिला, आम पुरुष, सामान्य पुरुष, सामान्य महिला, पूर्ण पुरुष, पूर्ण महिला, इत्यादी भाषाले "त्याचलैङ्गिक व्यक्तिहरू"लाई जनाउन खोज्दा यस बाहेकका विविध लैङ्गिकताका व्यक्तिहरू अन्यकरण र अपवादिकरणमा पर्दछ ।
- “तपाईं जस्तो मान्छे” अथवा “तपाईंहरूको”

## गलत भाष्य र अपव्याख्या गर्ने भाषा

| X |
|---|
| महिला, पुरुष तथा पारलैङ्गिक |

पारलैङ्गिक व्यक्तिहरू महिला वा पुरुष भन्दा फरक होइनन् । पारलैङ्गिक महिलाहरू महिला अन्तर्गत नै पर्छन् र पारलैङ्गिक पुरुषहरू पुरुष अन्तर्गत नै पर्छन् ।

| X |
|---|
| महिला र महिला भनी पहिचान गर्ने व्यक्तिहरू |

कुनै व्यक्ति महिला हुनका निम्ति उसको लैङ्गिक पहिचान महिला हुनुपर्छ । महिला र महिला भनी पहिचान गर्ने व्यक्ति फरक होइनन् । महिला भनेर पहिचान गर्छन् र त महिला हुन् । महिला भनेर पहिचान नगर्ने व्यक्ति महिला होइनन् ।

| X |
|---|
| यौनिक अल्पसंख्यक / यौन अल्पसंख्यक |

विषमयौनिकता भन्दा परका यौन अभिमुखिकरणका व्यक्तिहरूलाई "यौनिक अल्पसंख्यक" भनेर जनाउनु मिल्दैन । यसले सर्वप्रथम संख्यामा केन्द्रित व्याख्या गर्दछ । साथै गैर-

विषमयौनिक व्यक्तिहरू अल्पसंख्यक हुन् भन्ने कुनै आधार नै छैन । यौनिकता विविध र तरल विषय हो । समाजले नबुझेका वा नस्वीकारेका यौनिकताहरूको आवाज उठाउँदा कुनै निश्चित यौनिकतालाई केन्द्रमा राखे र अरुलाई "अल्पसंख्यक"को उपमा दिनु गलत हो । त्यसै गरी "यौन अल्पसंख्यक" भनेर सामाजिक मूलधारको यौन अभ्यास बाहेकका यौन अभ्यासका व्यक्तिहरूलाई जनाउन प्रयोग गरिने शब्द हो । जस्तै कतिपय अमेरिकी राज्यहरूमा अन्तर-रङ्गिय विवाहलाई पनि "यौन अल्पसंख्यक"का रूपमा मानिन्छ किनभने त्यहाँ गोरा र गोराहरू बीच अनि काला र कालाहरू बीच विवाह हुनु मात्र "सामान्य" हो । त्यसै गरी गुद्द्वार मैथुन गर्ने व्यक्तिहरू, वा गुनुत्वरीडाष्टी (BDSM) अभ्यास गर्ने व्यक्तिहरू, दम्पत्ती साटासाट (partner swipe) यौन अभ्यास गर्ने व्यक्तिहरू, वा कुनै कृत्रिमभुज कामोत्तेजना, किङ्क, फेटिस भएका मानिसहरूलाई समेत "यौन अल्पसंख्यक" भनिने गरिन्छ । त्यसैले गैर-विषमयौनिक व्यक्तिहरूलाई बुझाउन यो शब्दको प्रयोग गर्नु अस्वभाविक हुन्छ । यस्ता यौन अभ्यासहरू सबै यौन अभिमुखिकरणका व्यक्तिहरूमा गरिन्छ । समाजको मूलधारको मान्यता अन्तर्गत नपर्न बित्तिकै आउने लाञ्छना र विभेद बारे कुरा गर्नु महत्वपूर्ण रहे जस्तै सामाजिक मान्यता अन्तर्गत नपर्ने मानिसहरूलाई अन्यकरण गरी सामाजिक मूलधारलाई यथावत राखाले त्यो "सामान्य"को कुण्ठित मान्यतालाई अझै जीवित राख्छ । कसैलाई अन्यकरण गर्नु भन्दा असमावेशी परिभाषाहरूलाई प्रतिस्थापन गरी समावेशी परिभाषाहरू मार्फत् सबैलाई सामान्यिकरण अझै उपयुक्त हो ।

| | |
|---|---|
| पारलैङ्गिकहरू | पारलैङ्गिक व्यक्तिहरू |
| अरु प्रकारको, भिन्न प्रकारको | विविधता अन्तर्गतका |

## अपाङ्गता मैत्रीपूर्ण भाषा

| | |
|---|---|
| अपाङ्ग, विकलाङ्ग | अपाङ्गता भएका व्यक्ति |
| बहिरो, लाटो, लाटि | बहिरा व्यक्ति, सुस्त श्रवण भएको व्यक्ति , सुनाई र बोलाई संबन्धि अपाङ्गता भएको व्यक्ति |

| | |
|---|---|
| अन्धा, कानो | दृष्टि विहीन व्यक्ति, न्यून दृष्टियुक्त व्यक्ति |
| - | मस्तिष्क पक्षघात भएको व्यक्ति (सेरेब्रल पल्सी) |
| अपाङ्ग, खोरन्डो, डुडो, ढिकिच्याउँ, लंगडो | शारीरिक अपाङ्गता भएका व्यक्ति, शारीरिक रुपमा चुनौतियुक्त व्यक्ति |
| - | स्वलीनता भएका व्यक्ति (अटिजम) |
| गोजेग्रो, लठेब्रो, सुस्त मनस्थिति | बौद्धिक अपांगता भएका व्यक्ति |
| डुँडो, डुँडि | एम्प्युटि भएको व्यक्ति, शारीरिक अपाङ्गता भएको व्यक्ति, हात वा खुट्टा नभएको व्यक्ति |
| - | हेमोफिलियायुक्त व्यक्ति |
| - | डाउन सिन्ड्रम भएको व्यक्ति |
| बौलाहा, पागल, अर्धपागल, साईको | मनोसामाजिक अपाङ्गता भएको व्यक्ति |
| कुष्ठ रोगी | कुष्ठ रोग प्रभावित व्यक्ति |
| डल्ले, डल्ली बाउन्ने, पुड्के | होचापुड्का |

समावेशी र मैत्रीपूर्ण नेपाली भाषा - समाजिक उत्पीडनमा जडित भाषाबाट निस्नकने प्रयासमा बडी एण्ड डाटालाई मार्गदर्शन गराउने यो एउटा खाका हो । भाषा र सामाजिक न्यायको संवाद विकासोन्मुख (इभोल्भिङ) विषय हो । सामाजिक उत्पीडन, विभेद, वहिष्करण र रूढिवादी भाष्यहरूलाई पुनरुत्पादन नगर्ने किसिमको भाषा प्रयोगका विषयहरूमा बडी एण्ड डाटा सँधै संवेदनशील रहनेछ र आफूलाई शिक्षित बनाउँदै समसामयिक ढङ्गले ज्ञान पनि अपडेट गर्दै गरिरहनेछन् ।

यो स्रोत सामाग्री खुला उपयोगका निम्ति हो र जुनसुकै व्यक्ति वा संस्थाले बडी एण्ड डाटालाई सन्दर्भाधार (क्रेडिट) दिएर यसको प्रयोग गर्न सक्नेछन् ।

दोस्रो संस्करण : २०७७ कार्तिक ७, शुक्रबार - 23 October 2020 Friday - नेसं ११४१/०१/०४

***